श्री सचिव,
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने विषयको विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको मिति २०८३।०४।०६ को प्रस्ताव म.प.बै.सं. २२/०८३ मिति २०८३।०४।०६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(गोविन्द बहादुर कार्की)
मुख्यसचिव
२०८३।०४।०६
नेपाल संवत् ११४६

## विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयकको मस्यौदा तर्जुमासम्बन्धी
## अवधारणापत्र

### (१) पृष्ठभूमि (Back Ground)

विज्ञान, प्रविधि तथा नवप्रवर्तन (Science, Technology and Innovation–STI) आजको विश्वमा दिगो आर्थिक विकास, उत्पादनशीलता अभिवृद्धि, औद्योगिकीकरण, सार्वजनिक सेवा सुधार तथा राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको प्रमुख आधारका रूपमा स्थापित भएको छ । औद्योगिक क्रान्ति, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), डिजिटल प्रविधि, जैविक प्रविधि तथा स्वच्छ ऊर्जासँग सम्बन्धित प्रविधिहरूको तीव्र विकासले राष्ट्रहरूको विकासको स्वरूप परिवर्तन गरिरहेको सन्दर्भमा अनुसन्धान, प्रविधि विकास, नवप्रवर्तन तथा प्रविधि हस्तान्तरणलाई प्रभावकारी रूपमा सञ्चालन गर्न दृष्टिगत गर्दै जापान, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका, सिङ्गापुर, जर्मनी, फिनल्याण्डलगायतका देशहरू तथा युरोपेली संघले विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा अनुसन्धान तथा विकास, नवप्रवर्तन प्रवर्द्धन, विश्वविद्यालय, औद्योगिक क्षेत्र र सरकारबिचको सहकार्य, बौद्धिक सम्पत्ति संरक्षण, स्टार्टअप तथा प्रविधिमा आधारित उद्यमशीलताको विकास, अनुसन्धान कोषको स्थापना, अन्तर्राष्ट्रिय सहकार्य तथा उदीयमान प्रविधिको जिम्मेवार प्रयोगलाई कानूनी तथा नीतिगत रूपमा संस्थागत गरेका छन् । यस्ता अभ्यासहरूले ज्ञानमा आधारित अर्थतन्त्र निर्माण, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा दीर्घकालीन राष्ट्रिय विकासमा उल्लेखनीय योगदान पुर्‍याएका देखिन्छन्।

नेपालमा पनि विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित गतिविधिहरू विभिन्न नीति तथा संस्थामार्फत सञ्चालन भइरहेका भए तापनि समग्र क्षेत्रलाई एकीकृत, समन्वित, उत्तरदायी तथा परिणाममुखी रूपमा सञ्चालन गर्ने समग्र कानूनी व्यवस्था हालसम्म विकास हुन सकेको छैन । अनुसन्धान तथा नवप्रवर्तनमा लगानी अभिवृद्धि, निजी क्षेत्रको सहभागिता विस्तार, प्रविधि हस्तान्तरण, स्टार्टअप तथा नवप्रवर्तनमा आधारित उद्यम प्रवर्द्धन, अन्तर्राष्ट्रिय सहकार्य सुदृढीकरण तथा राष्ट्रिय विकासका प्राथमिकतासँग विज्ञान र प्रविधिलाई प्रभावकारी रूपमा आबद्ध गर्न स्पष्ट कानूनी आधार आवश्यक देखिएको छ। उपर्युक्त सन्दर्भमा कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि, जैविक प्रविधि, स्वच्छ ऊर्जा, अन्तरिक्ष प्रविधि तथा अन्य उदीयमान प्रविधिहरूको तीव्र विकाससँगै अनुसन्धानको गुणस्तर, अनुसन्धान नैतिकता, उत्तरदायित्व, डेटा सुरक्षा, बौद्धिक सम्पत्ति संरक्षण तथा प्रविधिको सुरक्षित, जिम्मेवार र प्रभावकारी उपयोग सुनिश्चित गर्न समसामयिक, एकीकृत तथा सुदृढ कानूनी व्यवस्था अपरिहार्य भएको छ ।

तसर्थः विज्ञान, प्रविधि तथा नवप्रवर्तनको समग्र विकास र प्रवर्द्धन, अनुसन्धान तथा विकासलाई प्रोत्साहन, नवप्रवर्तनमा आधारित उद्यमशीलताको विकास, प्रविधि हस्तान्तरण तथा व्यवसायीकरण, सार्वजनिक, निजी तथा शैक्षिक क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य, अनुसन्धान तथा नवप्रवर्तनका लागि दिगो वित्तीय व्यवस्था, अन्तर्राष्ट्रिय सहकार्यको विस्तार तथा ज्ञानमा आधारित, नवप्रवर्तनमुखी, प्रतिस्पर्धी र दिगो राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि आवश्यक कानूनी तथा संस्थागत आधार स्थापना गर्ने उद्देश्यले विज्ञान, प्रविधि तथा नवप्रवर्तन विधेयक तर्जुमा गर्नु अपरिहार्य भएको छ।

दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. नयाँ ऐन बनाउनुपर्ने आवश्यकता:

(क) संवैधानिक कारण:

नेपालको संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समाजवादउन्मुख समतामूलक समाज निर्माण तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने संवैधानिक सङ्कल्प गरिएको छ। संविधानको धारा ३० बमोजिम स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक, धारा ३१ बमोजिम शिक्षाको हक तथा धारा ३५ बमोजिम स्वास्थ्य सम्बन्धी हकको प्रभावकारी कार्यान्वयनका लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकास, विस्तार र उपयोग अपरिहार्य रहेको छ। त्यसैगरी, संविधानको धारा ५१ बमोजिम अर्थ, उद्योग तथा वाणिज्य, कृषि तथा भूमिसुधार, विकास, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग तथा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी राज्यका नीतिअन्तर्गत वैज्ञानिक अध्ययन, अनुसन्धान, विज्ञान तथा प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने, वैज्ञानिक, प्राविधिक, बौद्धिक तथा विशिष्ट प्रतिभाको संरक्षण गर्ने, सूचना प्रविधिको विकास र राष्ट्रिय विकासमा यसको उच्चतम उपयोग गर्ने, वैज्ञानिक तथा प्राविधिक शिक्षा र स्वास्थ्य अनुसन्धानलाई प्रवर्द्धन गर्ने, कृषिको आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकीकरण र विविधीकरण गर्ने, प्राकृतिक स्रोत तथा वातावरणको दिगो उपयोग गर्ने तथा ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनलाई राष्ट्रिय विकासमा उपयोग गर्ने राज्यका नीतिहरू अवलम्बन गर्ने व्यवस्था गरिएको छ। साथै, संविधानको धारा ५७ को उपधारा (१), (३) र (५) तथा अनुसूची-५, अनुसूची-७ को क्र.सं. २२ (वैज्ञानिक अनुसन्धान, विज्ञान, प्रविधि र मानव संसाधन विकास) र अनुसूची-९ बमोजिम शिक्षा, स्वास्थ्य, कृषि, वन, वातावरण, जैविक विविधता, ऊर्जा, तथ्याङ्क तथा अन्य साझा अधिकारका विषयसँग सम्बन्धित विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा एकीकृत राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणाली स्थापना गरी अनुसन्धान, विकास, नवप्रवर्तन, प्रविधि हस्तान्तरण, व्यवसायीकरण तथा सार्वजनिक उपयोगमार्फत ज्ञानमा आधारित आर्थिक तथा सामाजिक रूपान्तरण, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, औद्योगिक प्रतिस्पर्धात्मकता, सार्वजनिक सेवा सुधार, दिगो विकास, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्न तथा कृत्रिम बौद्धिकता (Artificial Intelligence) तथा स्टार्टअपलाई प्रोत्साहन र बिकास, नेपालमा वैदेशिक लगानी आकर्षित गर्दै प्रविधि तथा विज्ञानको क्षेत्रमा रुपान्तरण गरी जनतामाझ सकारात्मक प्रभाव पार्ने उद्देश्य सहित देशको सर्वाङ्गीण बिकास हासिल गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी ऐन तर्जुमा गर्न आवश्यक भएको हो।

(ख) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३: विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको क्षेत्र देहाय बमोजिम रहेकोले उल्लिखित क्षेत्र समेटने गरी अवधारणापत्र निर्माण भएको।

<u>विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय</u>

(१) विज्ञान प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड,
(२) वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान,
(३) विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र बिकास,
(४) विज्ञान प्रविधि विषयक तथ्याङ्क, सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड,

दीनानाथ मिश्र
सचिव

(५) पारमाणिक प्रविधि, रेषियोधर्मी पदार्थहरुको गुणसतर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,

(६) जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,

(७) ओजोन अध्ययन, सौर्य विकिरण मापन तथा सूचना प्रवाह,

(८) वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणिकरण ,

(९) रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,

(१०) पारमाणविक पदार्थ, बेवारिसे श्रोतहरुको खोज तथा पुनर्लाभ र व्यवस्थापन,

(११) आणविक उर्जासम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(१२) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वेधशाला र विज्ञान सङ्ग्रहालय,

(१३) नवप्रवर्तन सम्बन्धी निति, कानून, योजना, अनुसन्धान, प्रविधि,

(१४) वस्तु तथा सेवा, प्रक्रिया, प्रविधि, डिजाइनको बिकास, सुधार, प्रयोग,

(१५) उद्योग, व्यवसाय र समाजका विविध क्षेत्रमा औद्योगिक बिकासका नवीनतम अवधारणा (Industry 4.0, Industry 5.0) को अध्ययन, अनुसन्धान तथा उपयोग ,

(१६) मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थसँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय।

(१७) मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

**(ग) अन्तर्राष्ट्रिय दायित्व:**

नेपाल संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (UNESCO), विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO), विश्व व्यापार संगठन (WTO) तथा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्य राष्ट्र तथा विज्ञान, प्रविधि, अनुसन्धान, जैविक विविधता, बौद्धिक सम्पत्ति, जलवायु परिवर्तन तथा शान्तिपूर्ण प्रयोजनका लागि आणविक विज्ञान र प्रविधिको उपयोगसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, सम्झौता तथा प्रोटोकलहरूको पक्ष राष्ट्र भएकाले तीबाट सिर्जित दायित्वहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी, संस्थागत तथा समन्वयात्मक व्यवस्था गर्नुपर्ने दायित्व रहेको छ। विशेषतः जैविक विविधता सम्बन्धी महासन्धि, १९९२ (Convention on Biological Diversity, १९९२), कार्टाजेना प्रोटोकल, २००० (Cartagena Protocol on Biosafety, २०००), नागोया प्रोटोकल, २०१० (Nagoya Protocol on Access and Benefit-sharing, २०१०), व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता, १९९४ (TRIPS Agreement, १९९४), संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, १९९२ (UNFCCC, १९९२), पेरिस सम्झौता, २०१५ (Paris Agreement, २०१५) तथा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीअन्तर्गत भएका प्राविधिक सहयोगसम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, नवप्रवर्तन, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति संरक्षण, जैविक स्रोतको दिगो उपयोग, क्षमता विकास तथा अन्तर्राष्ट्रिय वैज्ञानिक सहकार्यलाई एकीकृत कानुनी आधार प्रदान गर्नु आवश्यक भएको छ। त्यसैगरी, UNESCO द्वारा स्वीकृत Recommendation on Science and Scientific Researchers, २०१७ तथा Recommendation on Open Science, २०२१ ले वैज्ञानिक अनुसन्धान, अनुसन्धानकर्ताको संरक्षण, अनुसन्धानको गुणस्तर अभिवृद्धि, खुला विज्ञान तथा वैज्ञानिक ज्ञानको न्यायोचित पहुँच र आदानप्रदानलाई प्रवर्द्धन गर्ने नीतिगत मार्गदर्शन प्रदान गरेका छन्। साथै, Transforming our World: the 2030 Agenda for Sustainable Development (२०१५) ले विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई दिगो, समावेशी, प्रतिस्पर्धी

दीनानाथ मिश्र
सचिव



नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

तथा ज्ञानमा आधारित आर्थिक र सामाजिक विकासको प्रमुख आधारका रूपमा स्वीकार गरेको सन्दर्भमा नेपालले गरेका अन्तर्राष्ट्रिय दायित्व तथा प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी समग्र विषयलाई एकीकृत रूपमा सम्बोधन गर्ने छाता कानून तर्जुमा गर्न आवश्यक भएको छ ।

**(घ) सर्वोच्च अदालतको फैसला:** प्रस्तावित विषयमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी छुट्टै कानून निर्माण गर्नुपर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट कुनै निर्देशनात्मक फैसला भएको देखिएको छैन।

**(ङ) सरकारको नीति तथा कार्यक्रम:**

सरकारको नीति तथा कार्यक्रममा प्रस्तावित कानूनका सम्बन्धमा देहाय बमोजिमका नीति तथा कार्यनीतिहरू उल्लेख गरिएका छन् :–

**सोह्रौं योजना (२०८१/८२-८५/८६) मा विज्ञान तथा प्रविधि सम्वन्धी व्यवस्थाहरू:**

(क) **नीतिगत तथा संस्थागत सुधारः** विज्ञान र प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनका लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न संघको बजेटको दुई प्रतिशत रकम छुट्याउने; वैज्ञानिक तथा प्राविधिक ज्ञान व्यवस्थापन गर्ने; उत्पादनजन्य उद्योग तथा दिगो पूर्वाधार क्षेत्रमा अनुसन्धान तथा प्रविधि विकास एवम् एकाइ स्थापना; विधिविज्ञान केन्द्रीय प्रयोगशालालाई अनुसन्धान संस्थाको रूपमा स्तरोन्नति; विधिविज्ञान प्रयोगशालाको सेवा विस्तार गर्ने; नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र वि.पि. कोइराला मेमोरियल प्लानेटोरियम, वेदशाला तथा विज्ञान संग्रहालय विकास समितिको पुनर्संरचना गर्ने; प्रदेश स्तरीय प्रविधि उत्पादन क्षेत्र स्थापना तथा सञ्चालन गर्ने; नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन गर्ने; समावेशी नीतिगत सुधार गर्दै प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने; उच्च धरातलीय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना गर्ने; वायुमण्डलीय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता अनुसन्धान केन्द्र लगायतका उदीयमान प्रविधिका क्षेत्रका अनुसन्धान केन्द्र सञ्चालन गर्ने; विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

(ख) **अनुसन्धान तथा प्रविधि विकासमा सहकार्य कार्यक्रमः**

वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा सहकार्य, समन्वय तथा साझेदारी हासिल गर्न विज्ञान कूटनीति मार्फत विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य तथा समझदारी; विधिविज्ञान तथा सार्वजनिक निकाय, वैज्ञानिक पेशागत समाज, गैरसरकारी वा निजी अनुसन्धान संस्थाहरूलाई नतिजामुखी अनुसन्धान एवम् प्रविधि विकास र प्रोत्साहन गर्ने; वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूलाई अनुसन्धान तथा शैक्षिक सञ्चालकको माध्यमबाट वैज्ञानिक पूर्वाधारहरुमा पहुँच स्थापना गर्ने।

(ग) **नवीनतम् प्रविधि अनुसन्धान तथा उपयोग कार्यक्रमः**

अपराध अनुसन्धान तथा न्याय सम्पादनमा उच्चस्तरीय सेवा प्रदान गर्न तथा नयाँ विधाका सेवाहरु शुरुवात गर्ने तथा विधि विज्ञानका प्रयोगशालाको सेवाको गुणस्तर सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रत्यायनको व्यवस्था गर्ने; विज्ञान साक्षरता अभिवृद्धि एवम् स्थानीयस्तरका नवप्रवर्तन प्रवर्द्धन गर्न विज्ञान संग्राहलय, विज्ञान पार्क, विज्ञान शहर, नवप्रवर्तनशाला, इन्कुबेटर, एस्लेटर, प्रविधिपार्क, समुदायमा आधारित मेकर्स-स्पेश प्रदेशस्तरमा प्रविधि उद्यमोदय क्षेत्र स्थापना गर्न प्रदेश



दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

तथा स्थानीय सरकार वा सार्वजनिक वा गैरसरकारी वा निजी क्षेत्रलाई प्रोत्साहन तथा विज्ञानं क्षेत्र सहुलियत कार्यक्रम सञ्चालन गर्ने।

**(घ) सुशासन प्रवर्द्धन गर्न प्रविधिको उच्चतम प्रयोग कार्यक्रमः**

नेपालको सबै प्रशासनिक काममा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी Governance 4.0 लाई संस्थागत गर्ने; रोबोटिक्स तथा कृत्रिम बौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने।

**(ङ) नेपालका रैथाने वस्तु र प्रविधिको विकास र संरक्षण कार्यक्रमः**

नेपालमा भएका परम्परागत प्रविधिमा अनुसन्धान गरी तिनीहरूको विकास, प्रवर्द्धन, उत्पादन पद्धतिमा उपयोग जस्ता कुरामा विशेष महत्त्वका साथ काम गर्ने; यस्ता वस्तु र प्रविधिको विकास गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहत रहने गरी "रैथाने वस्तु र प्रविधि बिकास प्रतिष्ठान" गठन गर्ने; रैथाने वस्तु तथा प्रविधिको अन्तर्राष्ट्रियकरण र बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने।

**(३) राष्ट्रिय विज्ञान, प्रविधि तथा नव–प्रवर्तन नीति, २०७६ रहेका व्यवस्थाहरूः**

(क) वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास मार्फत समाजलाई हानी–नोक्सानी हुने गतिविधिहरूमा नियन्त्रण गर्न नैतिक अनुमति (Ethical Permission) को प्रावधान लागू गरिने।

(ख) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको समग्रतामा सबै क्षेत्रमा उपयोग गर्ने प्रयोजनको लागि प्रचलित कानुन बमोजिम एक छुट्टै विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष (Science, Technology and Innovation Fund) को स्थापना गर्न सकिने।

(ग) विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार ऐन बनाई लागू गरिने।

(घ) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रममा संलग्न हुन चाहने संघ संस्थाहरूलाई सहज दर्ता र नवीकरणका लागि आवश्यक कानुनी व्यवस्था गरिने।

**(ङ) अन्य कारणः**

नेपालका १३ वटा विश्वविद्यालयहरूबाट विज्ञान प्रविधिका सम्बन्धमा अध्ययन अध्यापन हुँदै आएको छ । त्यसैगरी, स्वास्थ्य, कृषि, सूचना प्रविधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान अन्तर्गतका निकायहरूबाट विज्ञान तथा प्रविधि सम्बन्धी आ–आफ्नो क्षेत्रमा भएका कार्यहरूको संयोजन गर्न तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तनका सम्बन्धमा सरोकारवाला निकायबाट राखिएका चासो, गुनासो तथा उन्नययनको लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको सम्बन्धमा छुट्टै कानून आवश्यक भएको छ। साथै, विज्ञान, प्रविधि तथा नवप्रवर्तनको नियमन, व्यवस्थापन र प्रवर्द्धनको लागि देहायका कारणले कानून निर्माणको आवश्यकता रहेको छः–

(क) केही क्षेत्रगत तथा विशिष्टीकृत (कृषि, स्वास्थ्य) अनुसन्धान बाहेक अन्य वैज्ञानिक अध्ययन अनुसन्धानको नियमन सम्बन्धी कानुन आवश्यक रहेको छ भने कृत्रिम बौद्धिकता (Artificial Intelligence) को आगमनसँगै यस क्षेत्रमा अनुसन्धान, आविष्कार तथा नवप्रवर्तन सम्बन्धी कार्यहरू एकीकृत रूपमा सञ्चालन गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोषको स्थापना तथा सञ्चालन गर्न कानुनी तथा संस्थागत व्यवस्था गर्नु पर्ने छ।

(ख) विशिष्ट क्षेत्र वा विधामा उच्च नतिजामूलक अनुसन्धान सञ्चालन गर्ने अनुसन्धान संस्थालाई राष्ट्रिय उत्कृष्टता केन्द्रको रूपमा पहिचान तथा स्तरोन्नति गर्दै लैजानु परेको छ भने नेपालमै अध्ययन,



दीनानाथ मिश्र
सचिव

अनुसन्धान तथा आविष्कार गरी तयार भएका वस्तु, प्रविधि वा प्रक्रियाको उपयोगका लागि उपयुक्तता प्रमाणिकरण गर्नुपर्ने छ।

(ग) विज्ञान प्रविधिको क्षेत्रलाई कूटनीतिको माध्यमबाट अझ सबल तथा सक्षम बनाउँदै तथा विज्ञान कूटनीतिको उपयोग गर्दै राष्ट्रिय प्राथमिकता र रणनीतिक महत्वका क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा प्रविधि हस्तान्तरणमा सहकार्य,समन्वय एवं साझेदारी कायम गर्न परेको छ। त्यसैगरी, निजी क्षेत्रलाई वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन तथा प्रविधि विकासमा प्रोत्साहन तथा प्रवर्द्धन गर्न आवश्यक परेको छ।

**४. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात देहायका उपलब्धि हासिल गर्न सकिनेछः–

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी छाता ऐन तर्जुमा भई कार्यान्वयनमा आएपछि संविधान तथा राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ बमोजिम विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी राष्ट्रिय शासन प्रणाली (National Science, Technology and Innovation Governance System) को संस्थागत बिकास हुने।

(ख) नेपालभित्र भइरहेका अनुसन्धान एवं अनुसन्धान संस्थाको अभिलेखीकरण हुने तथा ती अनुसन्धानको गुणस्तरियता सुनिश्चित हुने।

(ग) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित विभिन्न मन्त्रालय, निकाय तथा विद्यमान कानूनहरूमा छरिएर रहेका नीति, कार्यक्रम, अनुसन्धान, पूर्वाधार, मानव स्रोत, वित्तीय स्रोत तथा संस्थागत प्रयासहरूलाई एकीकृत राष्ट्रिय प्रणालीअन्तर्गत समन्वित, प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी रूपमा सञ्चालन गर्ने स्पष्ट कानुनी आधार सिर्जना हुने।

(घ) विज्ञान प्रविधि तथा नवप्रवर्तन कोषको स्थापनाबाट खोज, अनुसन्धान, आविष्कार र नवप्रवर्तनमा संलग्न व्यक्ति, संघ, संस्था, निकायलाई स्रोत तथा लगानी सुनिश्चित हुने।

(ङ) राष्ट्रिय उत्कृष्टता केन्द्र स्थापना भई उच्च नतिजामूलक अनुसन्धान सञ्चालन हुने।

(च) अनुसन्धान विकास नवप्रवर्तन व्यावसायीकरण सामाजिक तथा आर्थिक रूपान्तरण (Research Development Innovation Commercialization Societal Impact) बीच संस्थागत अन्तरसम्बन्ध स्थापित भई अनुसन्धानका उपलब्धिलाई उत्पादन, उत्पादकत्व, उद्यमशीलता, औद्योगिकीकरण, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाह तथा राष्ट्रिय आर्थिक विकाससँग आबद्ध गर्न सहयोग पुग्ने।

(छ) राष्ट्रिय महत्वका विषयमा वैज्ञानिक अध्ययन तथा अनुसन्धान केन्द्रित हुने।

(ज) अनुसन्धानकर्मी एवं प्राविधिज्ञहरूको पहिचान हुने र विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा अनुसन्धानकर्मी एवम् विधिज्ञहरूको योगदान अभिवृद्धि हुने।

(झ) वैज्ञानिक अनुसन्धानको नतिजाहरू प्रतिस्पर्धात्मक वस्तु, सेवा वा उद्यममा विकासित भई व्यवसायिक र उद्यमशील वातावरण निर्माण हुने।

**दीनानाथ मिश्र**
**सचिव**

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन म...
सिंहदरबार, काठमाडौं

(ञ) प्रमाणमा आधारित नीति निर्माण (Evidence-based Policy Making) तथा विज्ञानमा आधारित निर्णय प्रणाली (Science-based Decision Making) लाई संस्थागत आधार प्राप्त हुने।

(ट) विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोषको प्रभावकारी परिचालन, बौद्धिक सम्पत्ति संरक्षण, प्रविधि हस्तान्तरण, अन्तर्राष्ट्रिय सहयोग तथा लगानीको समुचित उपयोग, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगबीच सहकार्य अभिवृद्धि भई ज्ञानमा आधारित, नवप्रवर्तनमुखी, प्रतिस्पर्धी, आत्मनिर्भर तथा दिगो राष्ट्रिय अर्थतन्त्र निर्माण र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्न महत्वपूर्ण योगदान पुग्ने।

(ठ) अनुसन्धान विकास तथा नवप्रवर्तन कार्यबाट सिर्जित वस्तु वा प्रक्रिया वा प्रविधि बौद्धिक सम्पत्तिमा रूपान्तरण भएको हुने र बौद्धिक सम्पत्ति सिर्जनामा वृद्धि हुने।

(ड) परम्परागत ज्ञानबाट विकसित प्रविधि तथा वस्तुको बौद्धिक सम्पत्ति अधिकार प्राप्ति तथा संरक्षण, प्रवर्द्धन एवं गुणस्तर अभिवृद्धि हुने।

(ढ) नेपालमा नै अध्ययन, अनुसन्धान तथा आविष्कार गरी तयार भएका वस्तु, प्रविधि वा प्रक्रियाको प्रविधि प्रमाणीकरण भई व्यवसायीकरण वृद्धि हुन जाने।

(ण) विभिन्न संस्था वा निकायमा हुने नवप्रवर्तनकारी कार्यको व्यवस्थित ढङ्गबाट कार्यान्वयन भई उत्पादन तथा उत्पादकत्व वृद्धि र प्रतिस्पर्धात्मक क्षमतामा सुधार हुने।

(त) वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनलाई प्रवर्द्धन र व्यवस्थापन गर्न संस्थागत एवं संरचनागत व्यवस्था हुने।

(थ) विज्ञान कूटनीतिको माध्यमबाट राष्ट्रिय प्राथमिकता र रणनीतिक महत्वका क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा प्रविधि हस्तान्तरणमा सहकार्य हुने।

**५. प्रस्तावित विषयमा मौजुदा कानून भए :**

हालसम्म विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी समग्र विषयलाई एकीकृत रूपमा नियमन गर्ने छुट्टै छाता कानून विद्यमान छैन। तथापि, यस क्षेत्रसँग सम्बन्धित विषयहरू नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान ऐन, २०४८, पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२, प्रतिलिपि अधिकार ऐन, २०५९, वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, बीउबिजन ऐन, २०४५, जनस्वास्थ्य सेवा ऐन, २०७५, औषधि ऐन, २०३५, शिक्षा ऐन, २०२८, औद्योगिक व्यवसाय ऐन, २०७६, कम्पनी ऐन, २०६३, सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, २०७५, विद्युतीय कारोबार ऐन, २०६३, नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ , नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३, काठमाडौं विश्वविद्यालय ऐन, २०४८, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९, पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०, पोखरा विश्वविद्यालय ऐन, २०५३, लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३, मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७, सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७, कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९, योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ लगायतका विभिन्न क्षेत्रगत कानून तथा राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ समेतबाट आंशिक रूपमा सम्बोधन हुँदै आएका छन्। तथापि, यी कानून तथा नीतिगत व्यवस्थाहरूले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी राष्ट्रिय शासन प्रणाली, अन्तरनिकाय समन्वय, अनुसन्धान, विकास, नवप्रवर्तन, बौद्धिक सम्पत्ति, प्रविधि हस्तान्तरण, व्यवसायीकरण, वित्तीय तथा



दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

संस्थागत सहयोग, संघ–प्रदेश–स्थानीय तहबीचको समन्वय तथा अनुसन्धानका उपलब्धीलाई सामाजिक-आर्थिक रूपान्तरणसँग आबद्ध गर्ने समग्र विषयलाई एकीकृत रूपमा नियमन गर्ने कानुनी आधार प्रदान गरेका छैनन्।

## ६. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण :

विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित विद्यमान कानूनहरू आ–आफ्नो क्षेत्रगत उद्देश्य, कार्यक्षेत्र र संस्थागत व्यवस्थामा आधारित रहेकाले ती कानूनहरू संशोधन मात्र गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी एकीकृत राष्ट्रिय शासन प्रणाली (National Science, Technology and Innovation Governance System) स्थापना गर्न सम्भव छैन। विद्यमान कानूनहरूले अनुसन्धान, बिकास, नवप्रवर्तन, बौद्धिक सम्पत्ति, प्रविधि हस्तान्तरण, व्यावसायीकरण, वित्तीय सहयोग, अन्तरनिकाय समन्वय तथा अनुसन्धानका उपलब्धीलाई सामाजिक तथा आर्थिक रूपान्तरणसँग आबद्ध गर्ने समग्र विषयलाई एउटै कानुनी ढाँचाअन्तर्गत समेटेका छैनन्। त्यसैगरी संघ, प्रदेश र स्थानीय तह, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र तथा उद्योगबीच समन्वित कार्यप्रणाली, स्रोत परिचालन, प्राथमिकता निर्धारण, अनुगमन तथा उत्तरदायित्वसम्बन्धी एकीकृत कानुनी व्यवस्था पनि विद्यमान छैन। तसर्थ, विभिन्न क्षेत्रगत कानूनहरूमा छुट्टाछुट्टै संशोधन गरी अपेक्षित उपलब्धी हासिल गर्न सम्भव नभएकाले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी समग्र विषयलाई एकीकृत रूपमा सम्बोधन गर्ने छुट्टै छाता ऐन तर्जुमा गर्नु आवश्यक भएको हो।

## ७. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो :

नेपाल सरकारले राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ मिति २०७६।५।२६ मा मन्त्रिपरिषद्‌बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। उक्त नीति नेपालको संविधानका प्रावधान, विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण, विगतका नीतिगत तथा संस्थागत प्रयासहरूको समीक्षा, संघीय शासन प्रणालीको आवश्यकता, राष्ट्रिय विकासका प्राथमिकता, वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनको विश्वव्यापी प्रवृत्ति, नेपाल पक्ष भएका सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि तथा प्रतिबद्धताहरू, दिगो विकासका लक्ष्य (SDGs) तथा सरोकारवाला निकायहरूबाट, संघीय सरकारका विभिन्न निकाय र सातवटै प्रदेश सरकारसँग प्रत्यक्ष अन्तरक्रिया र संवादबाट प्राप्त सुझाव र परामर्शलाई आधार बनाई विश्लेषणात्मक, प्रमाणमा आधारित (Evidence-based) तथा परामर्शमूलक (Consultative) विधिबाट तर्जुमा गरी मिश्रित विधिबाट तर्जुमा भएको हो।

(क) तर्किक पद्धति (Rational Method) छ
(ख) बढोत्तरी पद्धति (Incremental Method) छ
(ग) मिश्रित पद्धति (Mixed Method) छ

## ८. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी :

प्रस्तावित विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी ऐनको मस्यौदा तर्जुमा कार्यमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिवको संयोजकत्वमा मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख, कानून अधिकृत, नीति तथा योजना सम्बन्धी पदाधिकारी, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, विज्ञान तथा प्रविधि विकास र उपयोगसँग सम्बन्धित अन्य मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि सँग



दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्बन्धित विषयगत प्राज्ञ र वैज्ञानिकहरू, सम्बन्धित सरकारी निकायका प्रतिनिधि तथा आवश्यकताअनुसार विषयविज्ञ, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगका प्रतिनिधिहरूको सहभागिता रहने व्यवस्था गरिनेछ।

**९. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

विज्ञान तथा प्रविधिको क्षेत्रमा विभिन्न देशहरूले विभिन्न ऐन जारी गरी ती ऐन बमोजिम आवश्यक सांगठनिक संरचना तयार गरी यस क्षेत्रमा अध्ययन, अनुसन्धान तथा आविष्कारका कार्य सञ्चालन गरेका छन्। मूलभूत रूपमा केही देशहरूमा रहेका कानून देहाय बमोजिम रहेका छन् :–

| मुलुक | कानूनको नाम |
|---|---|
| बेलायत | **विज्ञान तथा प्रविधि ऐन, १९६५ (Science and Technology Act, 1965)**<br>वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित परिषद्हरूको स्थापना, जिम्मेवारी तथा अधिकार सम्बन्धी व्यवस्था गरिएकोछ। |
| जापान | **विज्ञान तथा प्रविधि सम्बन्धी आधारभूत कानून, १९९५ (Basic Act on Science and Technology, 1995)**<br>वैज्ञानिक तथा प्राविधिक अनुसन्धान र विकास कार्यलाई प्रवर्द्धन गर्न आवश्यक नीति, कार्ययोजना तयार गर्ने, कोषको प्रभावकारी प्रयोग, सूचना प्रणाली/सञ्जालको विकास एवं विस्तार, अन्तर्राष्ट्रिय सहयोग तथा साझेदारी सम्बन्धमा व्यवस्था गरिएको छ। |
| केन्या | **विज्ञान प्रविधि तथा नवप्रवर्तन ऐन, २०१३ (Science, Technology and Innovation Act, 2013)**<br>विज्ञान प्रविधि तथा नवप्रवर्तनको गुणस्तर सुनिश्चित र नियमन गर्न आयोगको व्यवस्था, अनुसन्धानको इजाजत, अनुसन्धान संस्थाको दर्ता, नियमन, राष्ट्रिय अनुसन्धान केन्द्रको स्थापना, राष्ट्रिय अनुसन्धान कोष (GDP को २%) तथा विज्ञान प्रविधि सङ्ग्रहालयको व्यवस्था गरिएको छ। |
| जाम्बिया | **विज्ञान तथा प्रविधि ऐन, १९९७ (The Science and Technology Act, 1997)**विज्ञान प्रविधिको प्रवर्द्धन, नियमन र सरकारलाई राय–सल्लाह प्रदान गर्ने परिषद्को व्यवस्था, अनुसन्धान संस्थाको दर्ता, विज्ञान प्रविधि अनुसन्धान केन्द्रको स्थापना, विज्ञान प्रविधि विकास कोषको व्यवस्था गरिएको छ। |
| नामिबिया | **अनुसन्धान, विज्ञान तथा प्रविधि ऐन, २००४ (Research, Science and Technology Act, 2004)**<br>विज्ञान प्रविधि तथा अनुसन्धानको प्रवर्द्धन र विकासका लागि समन्वय, सहजीकरण, अनुगमन तथा सुपरिवेक्षण गर्ने विज्ञान प्रविधि अनुसन्धान परिषद्को व्यवस्था, अनुसन्धान संस्थाको दर्ता, अनुसन्धान कार्यको अनुगमन, राष्ट्रिय विज्ञान प्रविधि कोषको व्यवस्था गरिएको छ। |
| भारत | **प्रविधि विकास बोर्ड ऐन, १९९५ (Technology Development Board Act, 1995)**<br>प्रविधिको विकास र व्यवसायीकरणमा संलग्न अनुसन्धान संस्थाहरू तथा उद्योगहरूलाई वित्तीय सहायता प्रदान गर्न कोष सहितको प्रविधि विकास बोर्डको व्यवस्था गरिएको छ। |



दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

| | |
|---|---|
| चीन | **Law of the People's Republic of China on scientific and Technological Progress, 1993 (Amended in 2007 and 2021)**<br>प्रविधि र आविष्कारको क्षेत्रमा देशको प्रगतिलाई अगाडि बढाउने, अनुसन्धानलाई प्रोत्साहन गर्ने र आर्थिक तथा सामाजिक विकासलाई टेवा पुऱ्याउने मुख्य आधार हो |
| दक्षिण कोरीया | **Framework Act on Science and Technology**<br>अनुसन्धान तथा विकास (R&D) लाई प्रवर्द्धन गर्ने, वैज्ञानिकहरूको स्वतन्त्रता र सिर्जनशीलताको सम्मान गर्ने र विज्ञान प्रविधिलाई दिगो आर्थिक तथा सामाजिक विकाससँग जोड्ने यस ऐनको मुख्य उद्देश्य रहेको छ। |

**१० . प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :**

(क) "विज्ञान प्रविधि सम्बन्धी छाता ऐनको मस्यौदा तयारी" गर्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९/१२/२९ को सचिवस्तरीय निर्णय बमोजिम गठित समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान समेतको प्रतिनिधि रहेको र उक्त समितिबाट विज्ञान प्रविधि र नवप्रवर्तनको विकास एवम् प्रवर्द्धन गर्ने ऐनको तर्जुमा भइरहेको छ।

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/६१०२, मिति २०८०।१।२० को पत्रमार्फत नेपाल सरकार उपप्रधानमन्त्री तथा रक्षा, कानून, न्याय तथा संसदीय मामिला मन्त्री र राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्षबीच मिति २०८० ।१।१८ मा सहमति भएको। उक्त सहमतिमा कोष स्थापना तथा व्यवस्थापन र अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कारलाई प्रवर्द्धन गर्न कानुनी एवं संस्थागत प्रबन्ध गर्ने लगायतका विषयमा आवश्यक कार्यार्थ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी आएको छ।

(ग) त्यसैगरी, राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विज्ञान, प्रविधि तथा नवप्रवर्तनको समग्र विकासका लागि आवश्यक कानुनी व्यवस्था, अनुसन्धान तथा नवप्रवर्तन कोष स्थापना, अनुसन्धान संस्थाहरूको समन्वय, वैज्ञानिक अनुसन्धानको नियमन, नवप्रवर्तन प्रवर्द्धन तथा सार्वजनिक, निजी, प्राज्ञिक र औद्योगिक क्षेत्रबीच सहकार्यका लागि उपयुक्त कानुनी आधार निर्माण गर्ने स्पष्ट नीति तथा कार्यनीति अवलम्बन गरेको छ। यसका अतिरिक्त विज्ञान, प्रविधि तथा नवप्रवर्तन विकास कोष स्थापना सम्बन्धी अध्ययन, मन्त्रालय तथा सम्बन्धित निकायहरूबाट भएका नीतिगत अध्ययन, अन्तरमन्त्रालयीय परामर्श तथा सरोकारवालासँग भएका छलफलबाट पनि विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी छरिएर रहेका कानुनी व्यवस्थालाई एकीकृत गरी अनुसन्धान, विकास, नवप्रवर्तन, व्यावसायीकरण तथा सामाजिक–आर्थिक रूपान्तरणलाई एकीकृत राष्ट्रिय प्रणालीमार्फत सञ्चालन गर्न सक्षम छाता कानून आवश्यक रहेको निष्कर्ष प्राप्त भएको छ। उक्त अध्ययन, नीति तथा सिफारिसहरूलाई प्रस्तावित विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐन तर्जुमाको आधारका रूपमा ग्रहण गरिनेछ।

**११. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :**

प्रस्तावित विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐन कार्यान्वयनका लागि नेपाल सरकारबाट वार्षिक रूपमा आर्थिक व्ययभार पर्नेछ। सरकारद्वारा विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीतिअनुसार आगामी आर्थिक वर्षदेखि पुँजीगत खर्चको कुल एक प्रतिशत रकम यस क्षेत्रमा विनियोजन



दीनानाथ मिश्र
सचिव

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

गर्ने व्यवस्था अवलम्बन गरिएको सन्दर्भमा सोही आधारमा आवश्यक स्रोत व्यवस्थापन गरिने अपेक्षा गरिएको छ। प्रस्तावित ऐनबमोजिम स्थापना वा सञ्चालन गरिने संरचनात्मक ढाँचा अन्तर्गतका निकाय तथा अन्य संस्थागत व्यवस्थाका लागि आवश्यक आर्थिक व्ययभार नेपाल सरकारको वार्षिक बजेटमार्फत विनियोजन गरिनेछ। यद्यपि, प्रस्तावित ऐन अन्तर्गत गठन हुने संस्थागत संरचना, जनशक्ति, कार्यक्रम तथा कार्यक्षेत्रको अन्तिम स्वरूप ऐन तथा त्यसअन्तर्गत बन्ने नियमावली र संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) बाट निर्धारण हुने भएकाले वार्षिक आर्थिक व्ययभारको यकिन रकम यस चरणमा निर्धारण गर्न सकिने अवस्था छैन। आवश्यक आर्थिक दायित्व प्रत्येक आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमअनुसार व्यवस्थापन गरिनेछ।

**१२. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**

प्रस्तावित विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐनको कार्यान्वयनका लागि विद्यमान विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित मन्त्रालय, विभाग, परिषद्, विकास कोष, विश्वविद्यालय, प्रतिष्ठान, अनुसन्धान केन्द्र, प्रयोगशाला तथा अन्य अनुसन्धान तथा विकास (R&D) निकायहरूको कार्यक्षेत्र, भूमिका र आपसी समन्वयलाई एकीकृत राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणालीअन्तर्गत पुनर्संरचना, सञ्जालीकरण, समन्वय, नियमन तथा व्यवस्थापन गरिनेछ। त्यसैले यस ऐनको कार्यान्वयनका लागि व्यापक रूपमा नयाँ संस्थागत संरचना स्थापना गर्नु आवश्यक देखिँदैन। तथापि, ऐनको प्रभावकारी कार्यान्वयन, अन्तरनिकाय समन्वय, राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन प्रणालीको सञ्चालन, प्रविधि हस्तान्तरण, नवप्रवर्तनको व्यावसायीकरण तथा अनुसन्धानको नतिजालाई सामाजिक–आर्थिक विकाससँग आबद्ध गर्न आवश्यक पर्ने सीमित संस्थागत संयन्त्र, समन्वयात्मक संरचना वा विशिष्टीकृत इकाइहरू प्रचलित सरकारी संरचनाभित्र पुनर्संरचना वा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को आधारमा स्थापना वा पुनर्गठन गर्न सकिने व्यवस्था प्रस्ताव गरिनेछ।

**१३. प्रस्तावित कानून निर्माण गर्न कुन निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :**

प्रस्तावित विज्ञान, प्रविधि तथा नवप्रवर्तन ऐनको मस्यौदा तर्जुमा गर्दा अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालयका सम्बन्धित निकाय, सूचना तथा सञ्चार मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा आवश्यकतानुसार अन्य अन्तरसम्बन्धित मन्त्रालयहरूसँग परामर्श गरिनेछ। त्यसैगरी, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST), ७ वटा प्रदेश सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन विकास कोष, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू, सरकारी तथा निजी अनुसन्धान प्रयोगशालाहरू, विषयगत अनुसन्धान परिषद् तथा केन्द्रहरू, निजी क्षेत्र, उद्योग–व्यवसायसँग सम्बन्धित संस्थाहरू, वैज्ञानिक तथा प्राविधिक समुदाय र अन्य सरोकारवाला निकायहरूसँग आवश्यक परामर्श तथा राय–सुझाव लिइनेछ। यस अवधारणापत्र तयार गर्ने क्रममा सम्बन्धित नीतिगत दस्तावेज, विद्यमान कानून तथा अध्ययन प्रतिवेदनहरूको अध्ययन गरिएको छ। तथापि, विधेयकको अन्तिम मस्यौदा तयार गर्ने क्रममा प्रचलित कानूनबमोजिम आवश्यक परामर्श, राय, विषयगत सहमति तथा मन्त्रालयगत सहमति प्राप्त गरी विधेयकलाई अन्तिम रूप दिइनेछ।

**१४. प्रस्तावित विज्ञान, प्रविध तथा नवप्रवर्तन विधेयकको मस्यौदामा व्यवस्था गर्न खोजिएका मुख्य-मुख्य विषयवस्तुहरू :**



**दीनानाथ मिश्र**
**सचिव**

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(क) अनुसन्धानको नियमन सम्बन्धी व्यवस्था:

(ख) राष्ट्रिय विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था:

(ग) नवप्रवर्तन सम्बन्धी व्यवस्थापन तथा नियमन:

(घ) प्रविधि परीक्षण तथा प्रविधि प्रमाणीकरण सम्बन्धी व्यवस्था:

(ङ) विज्ञान शहर, विज्ञान ग्राम, विज्ञान प्रविधि पार्क, ज्ञान पार्क, विज्ञान संग्रहालय सम्बन्धी व्यवस्था:

(च) विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष सम्बन्धी व्यवस्था:

(छ) राष्ट्रिय महत्वका अनुसन्धान सम्बन्धी व्यवस्था:

(ज) राष्ट्रिय उत्कृष्टता केन्द्र सम्बन्धी व्यवस्था:

(झ) मौलिक तथा परम्परागत ज्ञान, प्रविधि, सीप सम्बन्धी व्यवस्था:

(ञ) विज्ञान प्रविधि प्रशिक्षण सम्बन्धी व्यवस्था:

(ट) बौद्धिक सम्पत्ति व्यवस्था:

(ठ) विज्ञान कूटनीति सम्बन्धी व्यवस्था:

(ड) सजाय तथा कसुर सम्वन्धी व्यवस्थाः

(ढ) विज्ञान तथा प्रविधि सूचना प्रणाली सम्बन्धी व्यवस्था:

(ण) विज्ञान प्रविधि तथा नवप्रवर्तनको प्रवर्द्धन सम्वन्धी व्यवस्था :

(त) राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा समन्वय र सहकार्यको सम्बन्धमा व्यवस्था गर्ने

(थ) सरकारी र गैरसरकारी निकायसँग मिलान गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि सार्वजनिक निजी साझेदारी नमूना सम्वन्धी व्यवस्थाः

(द) प्रस्तावित विधेययकमा मन्त्रालयको कार्यसँग सम्बन्धित अन्य विषयहरूको थप व्यवस्थाः

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(दिनानाथ मिश्र)
सचिव
विज्ञान, प्रविध तथा नवप्रवर्तन मन्त्रालय

**दीनानाथ मिश्र**
**सचिव**